Australian Government

COVID-19 VACCINATION

# एष्ट्राजेनिका (AstraZeneca) जानकारी

## एष्ट्राजेनिका (AstraZeneca) खोप

एष्ट्राजेनिका खोप र एउटा दुर्लभ अवस्थाहरु बिचमा सम्बन्ध छ, जसमा रगत जमाउने र कम रगत प्लेटलेट स्तर हुने संलग्न छन्। यस्तो अवस्थालाई थ्रोम्बोसिस को साथ थ्रोम्बोसाइटोपेनिया सिंड्रोम(Thrombosis with thrombocytopenia syndrome) (TTS) भनिन्छ।

COVID-19 खोप सबै वयस्कहरूको लागि सिफारिस गरिन्छ। फाइजर खोप ६० बर्ष भन्दा कम उमेरका वयस्कहरूको लागि COVID-19 बिरूद्धको रुचाईएको खोप हो। यद्यपि ६० बर्ष भन्दा कम उमेरकाले अझै पनि एष्ट्राजेनिका खोप लिन छनौट गर्न सक्दछन्। तपाईंको निर्णय लिने सहयोगको लागि तपाईंको आफ्नो डाक्टर सँग कुरा गर्नुहोस्।

एष्ट्राजेनिका(AstraZeneca) खोप ६० बर्ष वा माथिका लाई दिइनेछ।

### थ्रोम्बोसिस को साथ थ्रोम्बोसाइटोपेनिया सिंड्रोम(Thrombosis with thrombocytopenia syndrome) (TTS भनेर चिनिन्छ) के हो?

थ्रोम्बोसिस(Thrombosis)को अर्थ रगतको थेक्ला हुनु हो।

थ्रोम्बोसाइटोपेनिया(Thrombocytopenia) भनेको रगतमा कम प्लेटलेटको स्तर हुनु हो।

TTS एष्ट्राजेनिका खोपको दुर्लभ, सम्भावित साइड इफेक्ट हो। यदि यो भयो भने, यो गम्भीर हुन सक्छ र अशक्तता वा मृत्यु पनि हुन सक्छ। TTS को कारण रगत जम्ने हुन्छ, जुन शरीरको विभिन्न भागमा हुन सक्छ। यसले कम रगत प्लेटलेटको स्तर पनि निम्त्याउन सक्छ, जसले रक्तस्राव हुन सक्छ। त्यहाँ फाईजर खोप र TTS बिच कुनैपनी सम्बन्ध छैन।

### TTS कहिले हुन्छ?

TTS का रिपोर्ट गरिएका मामिलाहरू सामान्यतया एष्ट्राजेनिका खोपको पहिलो मात्रा लगाऊँदा, खोप लगाएको ४ देखि ४२ दिनहरुको बीचमा भएको छ।

### TTS कत्तिको सामान्य छ?

TTS दुर्लभ छ। यस एष्ट्राजेनिका COVID-19 खोप लिनेहरुमा एक लाख(१००,०००) मध्ये करिब १-२ जनालाई असर पार्ने अनुमान गरिएको छ। तर६० बर्ष भन्दा कम उमेरहरुका लागि, दर धैरै नै हुनसक्ने जसमा १००,००० मा करिब २-३ हुने अनुमान गरिएको छ। यी अनुमानहरू थप जानकारी उपलब्ध हुने बित्तिकै अद्यावधिक गरिनेछन्।

### के कुनै समूह TTS को अत्याधिक जोखिममा छन्?

जबकि TTS केही बढी उमेरका वयस्कहरूमा रिपोर्ट गरिएको भएपनी यो युवा, वयस्कहरूमा बढी सामान्य देखिन्छ। हामीलाई थाहा छैन कि रगत थेक्ला पर्नुमा कुनै पनि पहिले देखीनै अवस्थित मेडिकल अवश्थाहरूले योगदान पुऱ्याएको छ कि छैनन् भनेर। अन्वेषकहरूले यसको अनुसन्धान गरिरहेका छन्।

## TTS का लक्षणहरू के के हुन्?

TTS को कारणले गर्दा निम्न केहि लक्षणहरूको निम्त्याउन सक्छ:

- गम्भीर निरन्तर रुपमा टाउको दुख्ने:
    - खोप लगाए *पछि* को कम्तिमा २ दिन पछि देखा पर्दछ
    - साधारण दुखाई कम गर्ने औषधीले सुधार गर्दैन
    - पल्टँदा झन् बढी खराब हुन सक्छ
- वाकवाकी र बान्ता
- धमिलो दृष्टि
- बोल्न कठिनाई
- कमजोर रिंगटाको अनुभव
- बेहोसी(seizures)
- सास फेर्न कठिन
- छाती दुख्ने
- तपाईको खुट्टा सुन्निने
- निरन्तर पेट दुख्ने
- खोप लगाईएको स्थाल भन्दा पर पनि सानो रगतको दाग छालामा देखा पर्ने।

यदि तपाईं वा अन्य व्यक्तिले COVID-19 खोप पाए पछि यी कुनै गम्भीर साइड इफेक्टहरू पाउनुभयो भने, तपाईंले तुरून्त फोन गर्नु पर्छ।

## के एष्ट्राजेनिका खोपका फाइदाहरू जोखिमहरू भन्दा बढी छन्?

हो छन्। खोपका फाइदाहरू जोखिमहरू भन्दा बढी हुन्छन्, विशेष गरी वयस्कहरूका लागि जो COVID-19 बाट धेरै बिरामी हुने खतरा हुन्छ।

## के हुन्छ यदि तपाईं ६० बर्ष भन्दा कम उमेरको हुनुहुन्छ र एष्ट्राजेनिका (AstraZeneca) को पहिलो मात्रा लगाउन बुक गर्नुभयो भने?

यदि तपाईं एष्ट्राजेनिका (AstraZeneca) खोपको आफ्नो पहिलो मात्राको लागी बुक गरीएको छ र तपाईं ६० बर्ष भन्दा कम उमेरको हुनुहुन्छ भने, तपाईको आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्। ऊनिहरुलाई तपाईलाई यो खोप लगाउने कि नलगाउने भनेर निर्णय गर्न मद्दत गर्दछ।

## यदि तपाईंले AstraZeneca को पहिलो मात्रा प्राप्त गर्नुभएको छ र तपाईंको दोस्रो मात्राको लागि के हुन्छ?

प्रायः सबै TTS का रिपोर्ट भएका केसहरू एष्ट्रेजेनेका COVID-19 खोपको पहिलो मात्रा लगाएपछि देखिएको छ। यदि तपाईंलाई एष्ट्रेजेनेका खोपको पहिलो मत्रा लगाए पछी कुनै गम्भीर साइड इफेक्टहरू थिएन भने, तपाईं यद्दपी ५० बर्ष मुनिको हुनु भएतापनि आफ्नो दोस्रो मात्रा लगाउनकोलागि विश्वस्त हुन सक्नुहुन्छ।

## के एष्ट्रेजेनेका (AstraZeneca) खोप विगतमा रगतका थेक्ला भएका व्यक्तिहरूको लागि सुरक्षित छ?

यदि तपाईंसँग विगतमा अन्य प्रकारका रगतको थेक्काहरू भएको छ, वा रगत क्लोट हुने जोखिममा हुनुहुन्छ भने, तपाईं अझै पनि एष्ट्रेजेनेका (AstraZeneca) खोप लिन सक्नुहुन्छ। एष्ट्रेजेनेका (AstraZeneca) खोप लगाएपछी त्यहाँ कुनै प्रमाण छैन कि पहिलाको रगतको थेक्काले TTS को जोखिम बढाउँदछ भनेर।

## थप जानकारीको लागी

यदि तपाईं सँग एष्ट्रेजेनेका (AstraZeneca) खोपका बारे प्रश्नहरू छन् भने, तपाईको आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्, www.health.gov.au/covid19-vaccines-languages मा जानुहोस् वा १८०० ०२० ०८० मा राष्ट्रिय

कोरोनाभाइरस हेल्पलाइन(National Coronavirus Helpline)मा फोन गर्नुहोस्। दोभाषे र अनुवाद सेवाहरूका लागि १३१ ४५० मा फोन गर्नुहोस्।